चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६

प.स. : २०७७/०७८
च.नं. :

मिति :- २०७७/०४/११

# नगर प्रहरी भर्ना सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०४/११ गते)

यस नगरपालिकामा नगर प्रहरी अन्तर्गत विभिन्न पदहरुमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

१. आवश्यक पद संख्याः

| खुल्ला तर्फ | | | | | | |
|---|---|---|---|---|---|---|
| विज्ञापन नं. | पद | खुल्ला | समावेशी समूह | | | जम्मा |
| | | | महिला | आ.ज. | दलित | |
| १-०७७/७८ | नगर प्रहरी सहायक निरीक्षक | ३ | १ | - | - | ४ |
| २-०७७/७८ | नगर प्रहरी जवान | ६ | २ | १ | १ | १० |
| ३-०७७/७८ | नगर प्रहरी कार्यालय सहयोगी (भान्छे) | १ | - | - | - | १ |

२. दरखास्त दिने स्थानः- चौरजहारी नगरपालिकाको कार्यालय, रूकुम (पश्चिम) ।

३. दरखास्त फारम बुझाउने मितिः-२०७७/०४/१२ गते देखि २०७७/०४/२६ गतेसम्म (कार्यालय समयभित्र)

४. दरखास्त राजस्व (दस्तुर) :-

| पद | नगर प्रहरी सहायक निरीक्षक | नगर प्रहरी जवान | नगर प्रहरी कार्यालय सहयोगी (भान्छे) |
|---|---|---|---|
| दस्तुर | १२००।- | ८००।- | ७००।- |
| नोटः- एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समूहको लागि ५०% का दरले थप दस्तुर लाग्नेछ । | | | |

प्र.प्रमुख प्रशासकिय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६

## ५. आवश्यक न्युनतम योग्यता:-

| पद | न्युनतम योग्यता |
|---|---|
| नगर प्रहरी सहायक निरीक्षक | १) दरखास्त आह्वान भएको सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र २६ वर्ष ननाघेको । खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरी, पूर्व लडाकु, पूर्व सुरक्षाकर्मी, पूर्व म्यादी प्रहरी सेवा परिवर्तन गरी आउने कर्मचारीको हकमा ४० वर्ष ननाघेको ।<br>२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको<br>३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।<br>४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।<br>५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।<br>६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।<br>७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।<br>८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।<br>९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।<br>१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको । |
| नगर प्रहरी जवान र नगर प्रहरी सहयोगी | १) नगर प्रहरी जवान पदको लागि छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र २६ ननाघेको तथा नगर प्रहरी सहयोगी पदको लागि छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको ३५ वर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरी, पूर्व लडाकु, सुरक्षाकर्मी, पूर्व म्यादी प्रहरी वा सेवा परिवर्तन गरी आउने कर्मचारीको हकमा ४० वर्ष ननाघेको र न प्रहरी सहयोगीको हकमा ४५ वर्ष ननाघेको ।<br>२) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ पास गरेको । सहयोगीको हकमा साधारण लेखपढ।<br>३) नैतिकपतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।<br>४) राजनीतिक पार्टीको सदस्य नरहेको ।<br>५) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।<br>६) स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।<br>७) आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।<br>८) छाती नफुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको ।<br>९) नेपाली नागरिक ।<br>१०) महिलाको लागी घटीमा ५ फिट र पुरूषको लागी घटीमा ५ फिट २ इन्च उचाई भएको।<br>११) नगर प्रहरी कार्यालय सहयोगी (भान्छे) पदको लागि कम्तीमा ५ वर्ष होटल व्यवसायमा कुकि सम्बन्धी काम गरेको हुनुपर्नेछ । |

## ६. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु:-

क) नेपाली नागरिकताको प्रतिलिपि १ (एक) प्रति ।

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६

ख) हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजिनल प्रमाण-पत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)

घ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी -१ (एक) प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तहका प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ङ) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी -१ (एक) प्रति । तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

च) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि सक्कल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयंले दस्तखत गर्नु पर्नेछ ।

## ७. परीक्षा विधिः

क) प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा
ख) विस्तृत स्वास्थ्य परीक्षण परीक्षा
ग) लिखित परीक्षा
घ) विशेष स्वास्थ्य परीक्षण परीक्षा
ङ) अन्तरवार्ता

**८. सम्पर्क मिति तथा स्थान** :- २०७७/०४/२८ गते, विहान ११:०० बजे दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित कार्यालयमा । साथै परीक्षा मिति, समय र स्थान यहि सम्पर्क मितिमा तोकिनेछ र सोको जानकारी सूचना बोर्ड, वेबसाईट तथा सामाजिक संजालमा प्रकाशन गरिनेछ ।

## ९. तलव/स्केलः-

| पद | नगर प्रहरी सहायक निरीक्षक | नगर प्रहरी जवान | नगर प्रहरी कार्यालय सहयोगी (भान्छे) |
|---|---|---|---|
| तलब स्केल | १६,०००।- | १४,०००।- | १३,०००।- |
| **थप सेवा सुविधा**:- प्रचलित कानुन अनुसार रासन भत्ता उपलब्ध गराइने । | | | |

प्रमुख प्रशासकिय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६

**१०. दरखास्त फारमको राजस्व तिर्ने तरिका:** बँदा नं. ५ र ६ मा उल्लेख भएको न्युनतम योग्यता र कागजात एवं बँदा नं. ४ मा तोकिएको परीक्षा दस्तुर राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, चौरजहारीमा रहेको यस नगरपालिका कार्यालयको आन्तरिक राजस्व खाता नं. ४३३००३०१०१०००२ मा जम्मा गरी सोको सक्कल भौचर संलग्न राखी स्वयम् उपस्थित भई आवेदन दिन सकिने साथै आवेदन फारम यस नगरपालिकाको अफिसियल वेबसाइट www.chaurjaharimun.gov.np बाट डाउनलोड गरी उल्लेखित विवरणहरु भर्नुपर्नेछ ।

**११. थप जानकारीका लागिः-** सम्पर्क नं. :- ९८५७८२६१११, ०८८-४०११४६
वेबसाईटः- **www.chaurjaharimun.gov.np**
ईमेलः- **ito.chaurjaharimun@gmail.com**

**१२.** रीत नपुगी आएका दरखास्त फारम स्वीकृत गरिने छैन् ।

**१३.** आन्तरिक तर्फ दरखास्त दिएका उम्मेदवारले खुल्ला प्रतिस्पर्धात्मक परीक्षामा पनि समावेश हुन पाउने छन् ।

**१४.** लिखित परीक्षाको पाठ्यक्रम नेपाल प्रहरीले निर्धारण गरेको खुल्ला प्रतियोगीताको पाठ्यक्रम अनुसार हुनेछ।

**१५. पुनश्चः-**

क. हरेक चरणको परीक्षा समासी पश्चात नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

ख. परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिचमात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

ग. दरखास्त पेश गर्दा सक्कल प्रमाण-पत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ ।

घ. प्रारम्भिक स्वास्थ्य परीक्षण बखत आउँदा बखत उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनुपर्ने छ (पुरूषको लागि मात्र) ।

ङ. छनौटको परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार उम्मेदवार स्वयं हुनुपर्नेछ।

२०८०/०४/१९

नगर प्रहरी पदपूर्ति समिति
चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

नि.प्रमुख प्रशासकिय अधिकृत